# कर शुल्क सेवा शुल्क र दस्तुर सम्बन्धि विनियम- २०७१

**प्रस्तावना,**

स्थानीय स्वायत्त शासन नियमावली-२०५६ को नियम २७५ (१) ले दिएको अधिकार प्रयोग गरि स्थानीय स्वायत्त शासन नियामावली-२०५६ को परिच्छेद् ७ को १४० देखि १४९ सम्मका विभिन्न अनुसूचीहरुद्वारा निर्धारण गरिएबमोजिम नगरपालिकाले लिन पाउने कर शुल्क सेवा शुल्क र दस्तुरहरुको असुली प्रक्रियालाई व्यवस्थित गरी नगरपालिकाको आन्तरिक आयस्रोतलाई दीगो रुपमा मजवुत पार्दै लैजानको लागी कर दस्तुर सम्बन्धि विनियमको आवश्यकता महसुस गरिएकोले सिद्धिचरण नगरपालिकाको मितिः-२०७१।०९।२८ मा सम्पन्न दोस्रो नगर परिषद्को वैठकद्वारा **कर शुल्क सेवा शुल्क र दस्तुर सम्बन्धि विनियम -२०७१** स्वीकृत गरि लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस विनियमको नाम **कर, शुल्क, सेवा शुल्क र दस्तुर सम्बन्धि विनियम -२०७१** रहनेछ।

ख) यो विनियम सिद्धिचरण नगरपालिकाको नगर परिषद् वैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा :**

क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन-२०५५ सम्झनु पर्दछ।

ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ सम्झनुपर्दछ।

ग) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गा भन्ने सम्झनुपर्दछ।

घ) "कर" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को परिच्छेद् ७ को नियम १४०,१४१,१४२,१४३,१४४,१४५ र १४६ संग सम्वन्धित अनुसूचिहरुमा उल्लेखित करको दरको आधारमा नगर परिषद्ले निर्धारण गरिदिए बमोजिमको कर भन्ने सम्झनु पर्दछ।

ङ) "दस्तुर" भन्नाले प्रचलित ऐन कानुनको परिधिभित्र रही नगरपालिकाले गर्ने विभिन्न सिफारिस,दर्ता तथा सञ्चालन इजाजत वापत नगर परिषद्ले निर्धारण गरिदिए बमोजिम लिईने दस्तुर सम्झनु पर्दछ।

३. नगरपालिकाले पटके वा वार्षिक गरी तपसिल अनुसारको दरमा कर, शुल्क, सेवा शुल्क र दस्तुर लिनेछ

| करको शीर्षक | करको क्षेत्र | स्वीकृत दर |
|---|---|---|
| **घर जग्गा कर (मूल्यांकनको आधारमा)** | पहिलो रु. १० लाख सम्मको जग्गाको मूल्यमा | नलाग्ने |
| | त्यसपछिको रु.१० लाख सम्ममा | एकमुष्ठ रु.३००।- |
| | त्यसपछिको रु.३० लाख सम्ममा | ०.०५% |
| | त्यसपछिको रु.५० लाख सम्ममा | ०.२५ % |
| | त्यसपछिको रु. १ करोडसम्ममा | ०.५० % |
| | त्यसपछिको बाँकी रकममा | १.५० % |

| **घरको बनौट र वर्गीकरण तथा मूल्यांकन गर्ने तरिकाः** | **घर बनोटको वर्गीकरण** | **औसत लागत दर** | **प्रतिवर्ष टुटफुट कट्टी दर(प्रतिशत)** | **कट्टी गर्ने जम्मा वर्ष** |
|---|---|---|---|---|
| | भित्र काँचो बाहिर ईटको माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर | रु.५४०।- | ३ % | २५ |
| | भित्र बाहिर पाको ईट वा ढुङ्गामा माटोको जोडाई भएका सबै किसिमका घर | रु.५२५।- | २ % | ३० |
| | भित्र बाहिर पाको ईटामा सिमेन्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर | रु.५७५।- | १ % | ७० |
| | आर.सि.सि.फ्रेम स्ट्रक्चरबाट बनेका घर | रु.६२५।- | ०.७५ % | १०० |

**घर जग्गाकर प्रयोजनको लागि मूल्यांकन गर्दाः**

- काँचो ईट वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस वा छ्वाली,खर,पराल र साधारण टीनको छाना भएको घरको मूल्यांकन गरिने छैन
- सिनेमा हलको भवनको अघिल्लो भाग (मूख्य अडिटोरियम) को मूल्यांकन गर्दा माथि उल्लेखित दरमा २५ % छूट दिई मूल्यांकन गरिने छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| ➢ घरजग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्यांकन गर्दा सोको प्रयोजनको निमित्त गठित स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकीएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गाको मूल्यांकन गरिनेछ । | | | | | |
| **मालपोत** | **जग्गाको किसिम** | **अबल** | **दोयम** | **सिम** | **चाहार** |
| | **खेत** | २०/– | १०/– | ५/– | ३/– |
| | **पाखो** | १५/– | ७/– | २/– | १/– |
| **बहाल कर** | १.नगरपालिका क्षेत्रभित्रको घर,पसल,ग्यारेज,गोदाम,टहरा,शेड(छप्पर),कारखाना,जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धित धनीबाट बहाल रकमको<br>२.नगरपालिका क्षेत्रमा निर्माण,रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल,ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफूट मासिक बहाल विटौरी कर | | | | १%<br>२।- |
| **व्यवसाय कर (वार्षिक)** | **१.<u>व्यापारिक वस्तुः</u>**<br>१.१.चुरोट,रक्सी,ज्वेलरी,भिडियो,क्यासेट रिकार्डर तथा प्लेयर आदिको थोक तथा खुद्रा व्यापारमा | | | | ७५०।- |
| | १.२.निर्माण सामाग्री,कम्प्यूटर,विद्युत सामान,क्यामेरा,टेलिभिजन,रेडियो,कार्पेट,पेट्रोलियम पदार्थ,जस्ता वस्तुका थोक तथा खुद्रा व्यापारमा | | | | ५००।- |
| | १.३.दैनिक उपभोगका खाद्य पदार्थ ,सुती कपडा आदिको थोक तथा खुद्रा व्यापारमा | | | | ५००।- |
| | १.४.सवारी साधन विक्रेता | | | | ३६०।- |
| | **२.<u>विशेषज्ञ परामर्श तथा व्यावसायिक सेवाः</u>**<br>२.१.चिकित्सक | | | | ५००। |
| | २.२.कविराज | | | | ५००।- |
| | २.३.इञ्जनियर | | | | १०००।-- |
| | २.४.कानुन व्यवसायी | | | | १०००।- |
| | २.५.लेखापरीक्षक | | | | १०००।- |
| | .६.दन्त चिकित्सक | | | | ५००।- |

| | | |
|---|---|---|
| | २.७.अनुसन्धानकर्ता तथा परामर्शदाता | ५००।- |
| | २.८.कम्प्यूटर एनालिष्ट तथा प्रोग्रामर | ५००।- |
| | २.१०.सर्भेयर | ५००।- |
| | २.११.अनुवादक | ५००।- |
| | २.१२.पशु चिकित्सक | ५००।- |
| | २.१३.शेयर दलाल | ५००।- |
| | २.१४.सामान ढुवानीकर्ता तथा कम्पनी | १०००/- |
| | २.१५.संस्थागत पेन्टर | ५०००/- |
| | **३.निर्माण व्यवसाय**<br>नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय | ५०००/- |
| | **४.उत्पादनमूलक उद्योगः**<br>कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल समान उत्पादन गर्ने उद्योग व्यवसायमा | २०००/- |
| | **५.उर्जामूलक उद्योगः**<br>जलस्रोत,वायु,सौर्यशक्ति,कोइला,प्राकृतिक तेल,ग्याँस,बायोग्याँस तथा अन्य स्रोतहरुवाट ऊर्जा पैदा गर्ने उद्योग व्यवसायमा | २०००/- |
| | **६.कृषि तथा वनजन्य उद्योगः**<br>मूलतः कृषि वा वन पैदावारमा आधिरित उद्योग व्यवसायमा | १५००/- |

| | | |
|---|---|---|
| | **७.खनिज उद्योगः**<br>खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १५००/-<br>- |
| | **८.पर्यटन उद्योगः**<br>पर्यटन,आवास,मोटेल,होटेले,रेष्टुराँ,रिसोर्ट,ट्राभल एजेन्सी,स्कीइङ,ग्लाईडिङ,वाटर ऱ्याफटिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर,व्यालुनिङ,प्यारा सेलिङ, गल्फकोर्ष, पोलो, अश्वारोहण,आदि उद्योग व्यवसायमा । | १०००/<br>- |
| | **९.सेवा उद्योगः**<br>छापाखाना,परामर्श सेवा,जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय,चलचित्र व्यवसाय,सार्वजनिक परिवहनव्यवसाय,फोटोग्राफी,प्रयोगशाला,हवाईसेवा,शीत भण्डार आदि उद्योग व्यवसायमा | ५००।- |
| | **१०.निर्माण उद्योगः**<br>सडक,पूल,रोपवे,रेलवे,ट्रलिवस,टनेल,फ्लाइङ् बृज तथा औधोगिक व्यपारिक एवम् आवास कम्प्लेक्स आदि निर्माण गरि सञ्चलान गर्ने उद्योग व्यवसायमा | १०००/<br>- |
| | **११.सञ्चार सेवाः**<br>१.निजी क्षेत्रको हुलाक सेवा | ३६०/- |
| | २.निजी क्षेत्रका टेलिफोन,फ्याक्स सेवा,फोटोकपि,मोवाइल फोन,आईएसडी,एस.टि.डि,इमेल,इन्टरनेट,रेडियो पेजिङ् आदि , | ३६०/- |
| | ३.कुरियर सेवा | ३६०/- |
| | ४.छपाई तथा प्रकाशन | ५००।- |
| | **१२.वित्तिय सेवाः**<br>१.नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक | |

| | | |
|---|---|---|
| | | ५००० /- |
| | २.आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मूख्य कार्यालय | ५००० /- |
| | ३.वित्तिय कम्पनी शाखा कार्यालय | १०००/- |
| | ४.बीमा कम्पनी | ५००० /- |
| | ५.विदेशी मुद्रा सटही | १०००/- |
| | ६.धितोपत्र कारोवार | १०००/- |
| | ७.सहकारी वैंक | १०००/- |
| | **१३.स्वास्थ्य सेवाः**<br>१.गैर सरकारी अश्पताल | ५००० /- |
| | २.नर्सिङ्ग  होम | २५००/- |
| | ३.क्लिनिक तथा ल्याब | ५००/- |
| | **१४.शिक्षा सेवाः**<br>१.निजी क्षेत्रका स्कूल, क्याम्पस,विश्वविद्यालय | ३६०/- |

| | | |
|---|---|---|
| | २.तालीम तथा अनुसन्धान केन्द्र | १०००/- |
| | ३.टाईपिङ्ग, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था | १०००/- |
| | **१५.मरमत संभार सेवाः**<br>१.हेभि इक्विपमेन्ट वस,ट्रक,कार,मोटरसाईकल,टेम्पो,साईकल मरमत कारखाना | ५००।- |
| | २.रेडीयो ,टि.भि.,घडी,प्रेशर कुकर ,हिटर,टेलिफोन सेट ,विद्युत सामाग्री मरमत केन्द्र | २००।- |
| | **१६.अन्य सेवाः**<br>१६.१.विज्ञापन सेवा | ५००।- |
| | १६.२.वैदेशिक रोजगार सेवा | १०००/- |
| | १६.३.स्वदेशी रोजगार सेवा | ५००।- |
| | १६.४.सेक्रेटेरियल सेवा | १५००/- |
| | १६.५.हाउजिङ् तथा घरजग्गा खरिद विक्री (रियल स्टेट) | १५००/- |
| | १६.६.व्यूटी पार्लर,केश श्रृंगार,ड्राई क्लिनर्स,फोटो स्टूडीयो सिलाई आदि, | ३६०/- |
| | १६.७.साइनवोर्ड वनाउने, पेन्टिङ्ग सेवा | ३६०/- |
| | १६.८.पशुवधशाला | १०००/- |
| | १६.९.मासु विक्रेता | ३६०/- |

| | | |
|---|---|---|
| | १६.१०.फलफूल र विरुवा विक्रेता | ३६०/- |
| | १६.११.पूल हाउस | ३६०/- |
| | १६.१२.खोटो व्यवसायी | ५००/- |
| | १६.१३.सिसा, प्लाइवुड विक्रेता | ५००।- |
| | १६.१४.भाडाँकुडा विक्रेता | ५००।- |
| | १६.१५.स्टिल, काठ,फर्निचर विक्रेता) | ५००।- |
| | १६.१६.खेलौना,उपहार,(गिफ्ट) विक्रेता | १००/- |
| | १६.१७.केवुल,नेटवोर्किङ्ग (ग्राहक संख्याको आधारमा | ५००० /- |
| | **१७.अन्य व्यवसायः**<br>१.पार्क,पिकनिक स्पट, | ७५०/- |
| | २.क्यासिनो | ५०,००० /- |
| | ३.टुर अपरेटर | २५००/ - |
| | ३.मसाज पार्लर | १०००/ - |
| | **१८.अस्थायी हाटवजार र घुम्ती पसलः**<br>१.घुम्ती (मोवाईल) पसल,खुन्चा,समेतमा | २५/- |
| | २.चौपाया प्रति गोटा | ५/- |
| | ३.हाँस कुखुरा आदि प्रति गोटा | ३/- |
| | ४.साग सव्जी र फलफूल पसल | १०/- |
| | ५.अन्य | १०/- |

| | | |
|---|---|---|
| | ९.माथीको वर्गीकरणमा समावेश नभएका सेवा,व्यवसायको कारोवारको र स्तर हेरि वार्षिक | १०० देखि ५०००।- |
| | **१९.सवारी दर्ता तथा वार्षिक सवारी करः** | |
| | क) वस,ट्रक लरी र अन्य हेभी गाडीमा एक | १०००/- |
| | ख) भाडाका कार,जीप | २००/- |
| | ग) भाडाको टेम्पो | १००/- |
| | ङ) निजी कार,टेम्पो,मिनिवस | १००/- |
| | च) स्कूटर,मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५०/- |
| | छ) ठेलागाडा तथा रिक्सा | २५/- |
| **पटके सवारी कर** | क) निजी तथा भाडका वस/ट्रक/ट्रैक्टर र जीप | २०/- |
| | ख) निजी तथा भाडाका कार टेम्पो | १०/- |
| | ग) मोटरसाइकल वहेकका अन्य सवारी साधनमा | ५/- |
| **दर्ता तथा सञ्चालन इजाजत दस्तुर** | नगरपालिका क्षेत्रमा ठेला,रिक्सा,टाँगा दर्ता गरि नम्वर दिए वापत नगरपालिकाले लिने सवारी दर्ता कर(सवारी साधनको सवारी साधनको किसिम हेरेर) | १५-५०/- |
| **एकीकृत सम्पत्ति कर** | दशलाख रुपैयाँसम्म | २५/- |
| | दशलाख एक रुपैयाँदेखि बीसलाख रुपैयाँसम्म | २५०/- |
| | बीसलाख एक रुपैयाँदेखि तीसलाख रुपैयाँसम्म | ५००/- |
| | तीसलाख एक रुपैयादेखि पचास लाख रुपैंयाँसम्म | १२००/- |

| | | |
|---|---|---|
| | पचासलाख एक रुपैंयादेखि एक करोडरुपैंयाँसम्म | ३५००/- |
| | एक करोड एक रुपैंयादेखि पाँच करोड रुपैंयासम्म | १२०००/- |
| | दुई करोड एक रपैयाँदेखि पँच करोड रुपैयाँसम्म | २५०००/- |
| | पाँच करोड रुपैंयाँदेखि माथि | प्रति हज्जार रु.दुई |
| **मनोरञ्जन कर** | १.सिनेमाहल,भिडियोहल,साँस्कृतिक प्रदर्शन हल,थिएटर,संगीत,मनोरञ्जन ⁄दर्शनस्थल,ऐतिहासिकस्थल,पूरातात्विक स्थल एवम धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क रकमको (तर,ऐतिहासिक,पुरातात्विक र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई प्रवेश शुल्क लिईने छैन ) | २ % |
| | २.जादु,सर्कस,चटक आदिमा प्रति दिन | २००।- |
| **व्यवसायिक भिडियो कर** | प्रति भिडियो प्रति वर्ष | २००/- |
| **पार्किङ् शुल्क** | १.नगरपालिकाले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ् गरिएका बस,मिनिवस,ट्रक, ट्र्याक्टरमा पर्किङ गर्ने समयको आधारमा एक पटकमा | ४०/- |
| | २.नगरपालिकाले आफूले तोकेको कार पार्किङ् क्षेत्रमा पार्किङ् गर्ने कारमा पार्किङ् गर्ने समयको आधारमा एक पटकमा लिईने पार्किङ् शुल्क | २०/- |
| | ३.उल्लिखित सवारी साधन वाहेक अन्य सवारी साधनहरुका लागि नगरपालिकाले व्यवस्था गरेका क्षेत्रहरुमा पार्किङ् समयको आधारमा बढीमा | १०/- |

| | | |
|---|---|---|
| **सम्पत्ति मूल्यांकन सेवा शुल्क** | • दशलाख सम्मको मूल्यांकनमा प्रति सिफारिस रु.<br>• दशलाख एकदेखि पच्चीसलाख सम्मको मूल्यांकनमा प्रति सिफारिस रु.<br>• पच्चीसलाख एकदेखि पचासलाख सम्मको मूल्यांकनमा प्रति सिफारिस रु.<br>• पचासलाखदेखि एक करोडसम्मको मूल्यांकनमा प्रति सिफारिस रु.<br>• एक करोडदेखि माथि प्रति सिफारिस रु. | ५००/-<br>१०००/-<br>१५००/-<br>३०००/-<br>५०००/- |
| | **१.भवन निर्माण कार्यको इजाजत दस्तुरः**( भवन ऐन २०५५ अनुसार वर्गीकृत घरहरुको आधारमा)<br>❖ "क" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति वर्गफिट<br>❖ "ख" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति वर्गफिट<br>❖ "ग" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति वर्गफिट<br>❖ **"घ" वर्ग अनुसार निर्माण हुने घरहरुः**<br>➢ वजार क्षेत्र (प्रति गोटा)<br>➢ ग्रामीण क्षेत्र (प्रति गोटा)<br>**भवन निर्माण सम्वन्धी विनियम लागू हुनुअघि निर्माण गरिएका भवनहरुको तयारी नक्सा प्रमाणित गर्नुपर्दा-**<br>❖ "क" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट | १०।-<br>६।-<br>५।-<br>५००।-<br>१००।-<br>८।-<br>६।- |

| | | |
|---|---|---|
| | ❖ "ख" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट<br>❖ "ग" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट<br>❖ "घ" वर्ग अनुसार निर्माण भएका घरहरुः<br>➢ वजार क्षेत्र (प्रति गोटा)<br>➢ ग्रामीण क्षेत्र (प्रति गोटा) | ५।-<br><br>५००।-<br>५०।- |
| | २.उद्योग दर्ता गर्न अन्य निकाय वा कार्यालयलाई गरिने सिफारिस | ३००।- |
| | ३. व्यवसाय दर्ताको सिफारिस | ३००।- |
| | ४.जग्गा नामसारी (सरजमिन सहित) | २००।- |
| | ५.वार्षिक आय विवरण खुलेको सिफारिस<br>• वार्षिक पाँचलाख प्रति सिफारिस<br>• वार्षिक एकदेखि दशलाख सम्मको प्रति सिफारिस<br>• दशलाख एकदेखि तीसलाख सम्मको प्रति सिफारिस<br>• तीसलाख एकदेखि माथि प्रति सिफारिस प्रति लाख | २००/-<br>३००।-<br>५००/-<br>२५/- |
| | ६.चार किल्ला खुलेको सिफारिस | १००/- |
| | ७.जग्गाको अवस्थिति खुलेको सिफारिस<br>➢ विशेष मूल्यांकनमा पर्ने जग्गाको<br>➢ विशेष मूल्यांकनमा नपर्ने जग्गाको | १५०/-<br>५०/- |
| | ८.विद्युत मिटर मागको सिफारिस | १००/- |

| | | |
|---|---|---|
| | ९.अङ्ग्रेजी भाषामा गरिने सिफारिस | १५०/- |
| | १०.संस्था दर्ता गर्नको लागि गरिने सिफारिस | ३००/- |
| | ११.जीवित प्रमाणिकरण सिफारिस | १००/- |
| | १२.पेन्सन नामसारी तथा पारिवारिक विवरण प्रमाणिकरण ( विदेशी सेवा) | ३००/- |
| | १३.विभिन्न समितिको नाममा वैंक खाता खोल्ने र वन्द गर्ने सिफारिस | १००/- |
| | १४.अविवाहित प्रमाणिकरणको सिफारिस | २००/- |
| | १५.तालीम प्राप्त कालिगढ वैयक्तिक विवरण दर्ता तथा इजाजत् दस्तुर<br>क.दक्ष<br>ख.अर्धदक्ष | ५००/-<br>२००/- |
| | **१२.घर कायम गर्ने सिफारिस**<br>❖ मालपोत कार्यालयले तयार गरेको विशेष मूल्यांकनमा पर्ने क्षेत्रका घरहरु<br>❖ मालपोत कार्यालयले तयार गरेको विशेष मूल्यांकनमा नपर्ने क्षेत्रहरु | २००/-<br>५०/- |
| | १३.माथि उल्लेख भए वाहेकका अन्य सामान्य सिफारिस | ५०/- |
| **सभाहलको भाडा** | हल मात्र (दैनिक) | ८००/- |
| | प्रोजेक्टर सहित प्रयोग गर्दा (दैनिक) | १५००/- |
| **प्रोजेक्टर भाडा** | दैनिक रु | ७००/- |

❖ एकीकृत सम्पत्ति कर लागेको सम्पत्तिमा मालपोत,भूमिकर तथा घरजग्गा कर लगाईने छैन ।

❖ एकीकृत सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्नका लागि गठन गरिने समितिले कर योग्य सम्पत्तिको मूल्यांकन गर्दा मालपोत कार्यालयले तयार गरेको रजिष्ट्रेशन प्रयोजनको मूल्यांकनको दरलाई आधार मान्नु पर्नेछ ।

❖ करदाताले नगरपालिकामा एकीकृत सम्पत्ति करको विवरण बुझाउँदा स्वघोषणा विधिद्वारा बुझाउनेछ ।

**३. कर शुल्क सेवा शुल्क र दस्तुर सम्बन्धि:**

क) नगरपालिकाले लिने करको दाताहरुको अभिलेख अध्यावधिक गरी कार्यालयमा राखिने छ ।

ख) नगरपालिकाबाट सेवा लिन आउने व्यक्ति/निकायले सेवा लिन अघि नगरपालिकालाई बुझाउनु पर्ने सबै कर,दस्तुर र शुल्क वापतको रकम राजश्व शाखामा चुक्ता गरेको प्रमाण (आम्दानी रसिद) पेश गर्नु पर्नेछ

ग) त्यसरी सेवा लिन आउने व्यक्ति/निकायले नगरपालिकालाई बुझाउनुपर्ने कर,दस्तुर र शुल्क पूर्ण रुपमा अशुली भएको प्रमाण पेश हुन आएपछि मात्र नगरपालिकावाट प्रदान गरिने सेवा प्रदान गरिनेछ ।

**४. कर शुल्क सेवा शुल्क र दस्तुरमा छूटको व्यवस्था :**

नगरपालिकाबाट लिइने मालपोत बाहेकको कर शुल्क सेवा शुल्क र दस्तुरमा दलित समुदाय, एकल महिला, अनाथ, टुहुरा र शारिरीक रुपमा भिन्न क्षमता भएका व्यक्तिहरुलाई २५% (पच्चीस प्रतिशत) छुट दिइनेछ ।

**५.जरीवानाको व्यवस्था :**

१) सम्बन्धित करदाताले कर बुझाउने म्याद सम्बन्धित आर्थिक वर्षको असार मसान्तसम्म हुनेछ ।

२) तोकीएको अवधिभित्र कर नवुझाउने व्यक्ति/निकायलाई वुझाउनुपर्ने करमा प्रत्येक आर्थिक वर्षको लागी दश प्रतिशतका दरले जरीवाना लाग्नेछ ।

३) स्थानीय स्वायत्त शासन ऐन-२०५५, नियमावली-२०५६ र यस विनियममा व्यवस्थित शर्तहरुको प्रतिकूल कार्य गरी जरीवाना लागेका व्यक्ति वा निकायले वुझाउनुपर्ने रकम र सो को जरीवाना समेत नवुझाएसम्म नगरपालिकाको तर्फवाट उपलव्ध गराईने सिफारिस लगायतका कुनै सुविाध उपलव्ध गराईने छैन

**९.सदर हुने :**

यस विनियममा लेखिएका कुराहरु स्पष्ट भए सम्म सोही बमोजिम र स्पष्ट नभएको हकमा प्रचलित ऐन नियम बमोजिम गरी  कार्यान्वयन गरिनेछ ।

**१०. खारेज हुने:**

यस विनियममा जेसुकै लेखिएको भएता पनि प्रचलित  ऐन नियम संग बाझिएको हदसम्म विनियममा लेखिएका कुराहरु स्वतः खारेज हुनेछन ।

**११. विनियमको संशोधन :**

यस विनियममा संशोधन  गर्नु परेमा नगर परिषद् वैठकको निर्णय अनुसार विनियममा संशोधन गर्न सकिनेछ ।